# स्नोल्याण्ड एकिकृत बिकास केन्द्र
## गरिबी निवारणको लागि लघु उद्यम बिकास कार्यक्रम (मेडपा)
## सम्पन्न प्रगति प्रतिवेदन २०७६

## १.१ पृष्ठभूमी

आयआर्जन र रोजगारी सृजना गरि गरिबी निवारणमा सहयोग पुरयाउन कृषि तथा प्राकृतिक साधनको दिगो र उच्चतम उपभोग गर्न उच्चतम मुल्य उत्पादनमा कृषि उत्पादनमा जोड दिने उद्धेश्यका साथ संम्भावनाको बिकास गर्न, ग्रामिण क्षेत्रसँग आवद्धता बढाउन सम्भाव्यता सिप उद्यम र पुँजीको उपयोग गर्न उद्यम व्यवसायमा लक्षित समुहको सहभागिता बढाउन समावेशी र सहभागीता मुलक बिकासमा टेवा पुरयाउन सिप नभएकालाई सिप सिकाउन, सीप ,जागर र सम्भाबना भएका तर अवसर नपाएकाहरुलाई उद्यमी बनाउन बिकास मुखी कृषि तथा व्यवसायलाई व्यवसायीकीकरण गर्न र बजार पहुँजमा अभिबृद्धि गर्न नेपाल सरकार गरिबी निवारणका लागि लघुउद्यम बिकास कार्यक्रमको नाम बाट नमुनाको रुपमा कार्यान्वयन गरेको छ । अति विपन्न वर्ग, पिछडीएका महिला,दलित,जनजाति र आदिबासी दुर्गम तथा सेवाको पहुँच नपुगेका समुदायलाई केन्द्रित गरि लक्ष्य अनुरुप कार्यक्रम संचालन गरिएको छ ।

हुम्ला जिल्ला कर्णाली प्रदेशमा पर्दछ । सदरमुकाम सिमकोट ९२४२ फिटको उचाईमा रहेको छ, पुर्वमा मुगु पश्चिममा बझांङ्ग दक्षिणमा वाजुरा र उत्तरमा चिनको स्वशाशित क्षेत्र तिव्वत पर्दछन । यस जिल्लाको क्षेत्रफल ५६५५ वर्ग किलोमिटर छ यो जिल्ला उत्तरी अक्षांस २९३५ देखि ३०७० र पुर्वि देशान्तर ८१ १८ देखि ८२१० मा पर्दछ । यसको समुद्री सतहवाट ४००० देखि २९०६४ फिट सम्म छ यस जिल्लामा साबिकका २७ वटा गा.वि.स. र हाल ७ वटा गाउपालिका र ४४ वटा वडापालिकाहरु रहेका छन् । क्षेत्रको आधारमा संघिय संरचना अनुसार प्रदेश निर्वाचन क्षेत्र नं. २ वटा र संघिय निर्वाचन क्षेत्र १ मात्र रहेको छ । यस जिल्लामा ब्रामण , क्षेत्री , ठकुरी लामा, दमाई ,कामी र सार्की जनजातीहरुको मुख्य वसोवास रहेको छ । यहाँ नेपाली हुम्ली खस र लामा खाम भाषा वोलिन्छ । सडकले नछोएको यो जिल्लामा हिल्सा सिमकोट निर्माण धिन अवस्थामा रहेको छ । यहाँको मुख्य यातायात भनेको हवाई सेवा नै हो यस जिल्लाको जनसंख्या राष्टिय जनगणना २०६८ अनुसार जम्मा घरधुरी **संख्या ९४७९ मा ५०८५८ छ जस मध्य २५०२५ महिला र २५८३३ पुरुष रहेका छन् भने** यहाँको मुख्य व्यवसाय कृषि र पशुपालन हो भौगोलिक विकटताको कारणले राज्यवाट पाउनु पर्ने विभिन्न किसिमका सेवा सुविधावाट वन्चित हुन वाध्य यो जिल्ला विभिन्न किसिमका अभावहरुले ग्रस्त र पिडित देखिन्छ ।

भौगोलिक सास्कृतिक तथा सामाजिक विविधताको धनी नेपालको अति विकट एवं विमुख हिमाली जिल्ला हुम्लाका अधिकांश जनताहरु परम्परागत कृषी प्रणाली गरी आफ्नो जिविकोपार्जन गरीरहेका छन् । परम्परागत कृषी प्रणालीले यहाँका जनताको सोचे अनुरुप जीवनस्तर माथि उठ्न नसकेका कारण वर्षेनी यहाँका जनताहरु रोग, भोग, खडेरी, स्वास्थ्य र शिक्षा जस्ता आधारभुत आवश्यकतावाट वन्चित रहेको तथ्यलाई नकार्न सकिदैन । परम्परागत रुपमा गरिदै आएको कृषी र अन्य ब्यवसायीक प्रणालीलाई आधुनिक रुपमा परिणत गरी यसलाई व्यवसायीकरण र औधोगिकिकरण गरेमा मात्र यहाका जनताको जिवन स्तर माथि उठ्ने कुरामा दुई मत छैन । भने अर्कोतिर समाजमा गरिबी भोकमारी,बरोजगार,साँस्कृतिकुरिति,छाउपडी प्रथा लगाएत भौगोलिक बिकास बाटोघाटो,सडक,सिंचाईको राम्रो बिकास हुना सकेको छैन भने अर्को तिर यस जिल्लामा रहेका बिभिन्न पर्यटकीय स्थलको सम्भावना रहकाले त्यसलाई मध्ये नजर गरि स्नोल्याण्ड एकिकृत बिकास केन्द्र हुम्ला र जिल्ला घरेलु तथा साना उद्योग बिकास समितिको सहकार्यमा ७ वटा गाउापालिका मध्ये सिमकोट १,२,३ र ८ खार्पुनाथ १देखि ५,सर्केगाड १देखि ८ र चंखेली १ देखि ६ का जम्मा २३ वटा वडाहरुलाई कार्यक्षेत्र बनाई लक्षित वर्ग दलित,जनजाति,महिला अति बिपन्न तथा सिमाकृत समुदायका २३४जना नयाँ उद्यमीहरु सृजना, ६७ जना उद्यमीहरुको स्तरउन्नित तथा बिभिन्न प्रबिधि हस्तान्तरणका साथै १ वटा साझा सुबिधा केन्द्र निर्माण गर्ने लक्ष्यका साथ मानसरोवर होटेलमा समन्वय समितिका सभापतिको अध्यक्षतामा, प्रमुख जिल्ला अधिकारीको प्रमुख आथित्य र ३ वटा गाउँपालिकाका प्रमुख, उपप्रमुख सहित बिभिन्न सरकारी कार्यालय,पत्रकार,बिभिन्न बैंक तथा वित्तिय संस्थाहरु, जिल्लामा सकृय रहेका उद्यमी समुहहरु वीच यस कार्यक्रमका लक्ष्य,उद्धेश्यहरुको बारेमा अभिमुखिकरण गोष्ठि संचालन गरि बिदिगत रुपमा कार्यक्रमलाई अगाडी बढाईएको थियो ।

यस कार्यक्रमलाई दिगोपना र कानुनी वैधानिकता दिनको लागि प्रत्येक पालिका स्तरिय लघुउद्यम बिकास समिति गठन गरियो ४ वटा गाउँपालिकामा १० वटा सहभागिता मुलक ग्रामिण लेखाजोखा गरियो जस्तै सिमकोट गाउपालिका बरगाउ र ठेहे खार्पुनाथ गाउँपालिका छिप्रा,याङचु र खर्पेलगाउ,सर्केगाड गाउापालिकाको मुन्दि,दुल्लि र साँया , चंङखेली गाउँपालिकाको पिपलाङ्ग र दार्मामा सहभागितामुलक ग्रामिण लेखाजोखा PRAगरि सहभागीहरु छनौट गरिएका थिए ।

स्थानिय बासिहरुको सक्रिय सहभागिता र स्थानिय श्रोत साधनको अधिकतम प्रयोग गरि स्थानिय समुदायका मानिसहरुलाई कार्यक्रमको बारेमा जानाकारी गराउदै सहभागिता मुलक ग्रामिण लेखाजोखाका बिभिन्न बिधिहरुको प्रयोग गरिएको थियो सहभागिले दिएको सुचनालाई मुख्य आधार बनाएर गाउँको सामाजिक नक्शा,स्रोत नक्शा,चाहाना स्तरिकरण,सम्पनता स्तरिकरण,मौसमी पात्रो आदि तयार पारेर कार्यक्रम संचालन गरिएको थियो ।

## १.२ कार्यक्रम संचालनको उदेश्य तथा क्षेत्र

गरिबी निवारणका लागि लद्युउद्यम बिकास कार्यक्रमका बिभिन्न उद्धेश्यहरु र कार्यक्षेत्रहरुको पहिचान तपशिल बमोजिम रहेका छन् ।

### (क) उदेश्यहरु :

- गरिबी निवारणका लागि लद्युउद्यम बिकास कार्यक्रम (मेडपा) को बारेमा जिल्ला तथा स्थानिय तहमा जानकारी गर्न सहयोग गरि यसको दिगोजना सृजना गर्न सहयोग गर्ने ।
- स्थानिय उद्युउद्यम बिकास समितिको सहयोगमा वस्ति छनौट गरि घरधुरीहरु सर्वेक्षण र नयाँ उद्यमीहरु पहिचान गर्ने ।
- सहभागितात्मक लेखाजोखा (पि आर ए)विधिबाट समुदायको नक्शाङ्कन गरि सहि सहभागी छनौट गरि विगतमा व्यवसाय संचालन गरि रोजगारी सृजना गर्न सहयोग गर्ने ।
- गरिबी,अति विपन्न,दलित तथा जनजाति र महिला स्वरोजगार युवा युवतिहरुलाई सिपमुलका तालिम प्रदान गरि स्वदेशमा रोजगार स्थापनमा गर्न सहयोग गर्ने ।
- सिपमुलक तालिम लिएका युवा युवतिहरुलाई स्तरउन्नतिका बिभिन्न कृयाकलापहरु संचालन गर्ने ।
- बिभिन्न प्रबिधिहरु हस्तान्तरण गर्न उद्यमीहरु छनौटका लागि सहजिकरण गर्ने ।
- बिभिन्न वित्तिय निकायहरुसँग उद्यमीहरुको समन्वय गराई वित्तिय सहयोगमा पहुँच बृद्धि गर्न सहयोग गर्ने
- साझा सुबिधा केन्द्र निर्माण तथा संचालन गरि व्यवसाय संचालनमा सहयोग भएको हुनेछ ।
- बिभिन्न सरकारी तथा गैरसरकारी संसथासँग सहकार्य गरि उद्यमशिलताको क्षेत्रमा लाग्न ईच्छुक युवाहरुलाई उद्यमी
बन्नका लागि आवश्यक पर्ने ।

### (ख) कार्यक्रम संचालन क्षेत्र

हुम्ला जिल्लाको ७ वटा गाउँपालिका मध्ये ४ वटा पालिकामा गरिबीका लागि लद्यु उद्यमबिकास कार्यक्रम संचालन भएको छ । यो कार्यक्रमले गरिबीमा रहेका सबै घरधुरीहरुलाई बिभिन्न सिपबिकास तालिमहरु सिकाएर स्वदेशमा नै रोजगार सृजना गर्नाका लागि यि चार वटा गाउँपालिकाका २३ वटाहरुमा कार्यक्षेत्र रहि सो अनुसार कार्यक्रम संचालन गरेको छ ।

नेपाल सरकारले परिभाषित गरे अनुसार निश्चित मापदण्ड अन्त्रर्गत समय समयमा तोकेको सुन २०१२को नेपाल राष्ट्बैंकले घोषणा गरेको मुद्रास्फिति दर समेतलाई हिसाब गर्दा हुने रु.३३०७४। भन्दा थोरै आम्दानी हुने गरिबीको रेखामुनि रहेका परिवारका सदस्यहरु पर्दछन् ।

- सिमकोट गाउँपालिकाको वडा नं.१,२,३ र ८
- खार्पुनाथ गाउँपालिकाका ५ वटै वडाहरु
- सर्केगाड गाउँपालिकाका ८वटै वडाहरु
- चंखेली गाउँपालिकाका ६ वटै वडाहरु

## १.३ प्रतिवेदनको उदेश्यहरु

लद्युउद्यमीहरुको बिस्तृप्त खाका तयार गरि व्यवसायीक मुलक बिभिन्न तालिम संचालनका लागि सहयोग गर्नका साथै प्रारम्भिक सर्वेक्षण,नयाँ उद्यमीहरु सृजना,पुरानाको स्तर उन्नति, प्रविधि तथा वातावरण सम्भाव्यता पहिचान ,सम्भाव्य लघु उधमीको पहिचान र छनौट,समूह निर्माण तथा पहिचालन ,उधमशीलता बिकास तालिम संचालन,सिप बिकास तालिम संचालन तथा उपयुक्त प्रविधि हस्ताक्षरण ,लघु कर्जामा पहुंच , वजार सम्बन्धन विकास तथा परामर्श सेवा ,साझा सुविधा केन्द्र स्थापना र संचालन,जनशक्ति व्यावस्थापन,भैातिक सामाग्रीहरुको व्यावस्थापन,अन्य निकायसँग साझेदारी र समन्वय,वित्तिय सुशासन जोखिम न्यूनीकरण सम्बन्धी व्यावस्था गरि उद्यमी सृजना गरि गरिबी न्युनिकरणका साथै स्वेदेशमा रोजगारी स्थापना गर्ने ।

# परिच्छेद दुई : कार्यक्रम सन्चालन विधि तथा प्रकृया

## २ कार्यक्रम संचालन विधि तथा प्रकृया :

| सि.नं. | नयाँ सृजना गरिने उद्यमीहरुको लागि कृयाकलापहरु | प्रतिफल | उपलब्धिहरु |
|---|---|---|---|
| १ | होजियारी तालिम | हेजियारी तालिम लिएर सबैले व्यवसाय शुरु गरेका हुनेछन् | खार्पुनाथ र सर्केगाडका ४०जना नयाँ उद्यमी र २२ जना पुराना उद्यममीहरुको स्तरउन्नतिका लागि जम्मा ६२ जना महिलाहरुले होजियारी तालिम लिई टोपी,स्वीटर, गलबन्दि,माजा बन्ने भई आफ्नो सिप बिकास गरेका हुनेछन् । |
| २ | वेसिक कम्प्युटर तालिम | सबैले सहजरुपमा कम्प्युटरमा काम गर्न सक्ने भैई बिभिन्न ईन्टरने सम्बन्धि ज्ञान लिनेछन् | सिमकोट,खार्पुनाथ,चंखेली र सर्केगाडका २५ जना युवायुवतिहरुले कम्प्युटर सम्बन्धि सिप हासिले गर्नेछन् |
| ३ | फलामका औजार बनाउने तालिम | परम्परागत रुपमा गर्दै आईरहेका उद्यमीहरुलाई आधुनिक किसिमका फलामका औजार बनाउने तालिम प्रदान गरि सिप बिकास गरिनेछ । | समकोट,खार्पुनाथ,सर्केगाडका र चंखेली गाउँपालिकाका ५२ जना ले फलामका औजार बनाउने तालिम लिइ व्यवसाय शुरु गर्नेछन् । |
| ४ | व्यवसायीक कुक तालिम | आफ्नो व्यवसायलाई व्यवसायीक करण गर्नाको लागि आधुनिक किसिमको खानेकुराहरु बनाउन सिकनेछन् | चंखेली गाउँपालिकामा १६ जनाले व्यवसायीक कुक तालिम लिई आफ्नो व्यबसायको स्तर उन्नति गर्नाका साथै व्यवसाय शुरु गर्नेछन् । |
| ५ | निगालोको समाग्री बनाउने तालिम ( डोको,नाङलो,डालो,सुप्पो, थुन रचुइनो ) | आधुनिक किसिमका निगालोका पलर्निचरहरु बनाउने तालिम लिई सिप बिकास भएको हुनेछ । | खार्पुनाथ गाउँपालिकामा ७ जनाले निगालोको फर्निचर बनाउने तालिम लिई आधुनिक किसिमको आफ्नो व्यवसाय शुरु गरेका हुनेछन् । |
| ६ | आलुचिप बनाउने तालिम | हुम्लामा खेर गईरहेका आलुहरुलाई प्रशोधन गर्नाका लागि आलुचिप बनाउने तालिम प्रदान गरि व्यवसायीकरण गर्ना सहयोग गर्नेछ | खार्पुनाथ,सर्केगाड र चंखेली गाउँपालिकाका ३६ जना युवा युवतिहरुलाई आलुचिप बनाउने तालिम दिई व्यवसाय शुरु गरेका हुनेछन् । |
| ७ | सिस्नो प्रशोधन तालिम | हुम्लामा रहेको अर्गानिक सिस्नोलाई प्रशोधन गरि त्यसलाई प्याकेजिङ्ग गर्ने तालिम प्रदान गरिनेछ जसले गर्दा उनिहरुको व्यवसाय शुरु भैई रोजगार स्थापना हुनाका साथै आर्थिक बृद्धि हुनेछ । | सिमकोट गाउपालिकामा १६जनालाई सिस्नो प्रशोधन तालिम दिई आफ्नो व्यवसाय शुरु गरेका हुनेछन् । |
| ८ | स्याउका चना तथा जुस बनाउने तालिम | स्याउका चना तथा जुस बनाउने तालिम लिई व्यवसायीक रुपमा यो व्यवसाय शुरु गरेका हुनेछन् | खार्पुनाथ र चंखेलीका २० जनाले यो तालिम लिई आफ्नो व्यवसाय शुरु गरेका हुनेछन् । |
| ९ | अर्गानिक च्याउ खेति तालिम | पशुपालनको घट्दोक्रम र मानिसहरु दिन प्रतिदिन साहाकारी बन्दै गईरहेको अवस्थामा यो च्याउखेति तालिम लिई व्यवसायको रुपमा शुरु गरेका हुनेछन् | खार्पुनाथ र सर्केगाडका २२ जनाले यो तालिम लिई व्यवसाय शुरु गरेका हुनेछन् । |
| १० | सिलाई कटाई तालिम | सर्केगाड र चंखेलमा सिलाईकटाई तालिम लिएका उद्यमीहरुलाई स्तरउन्नति गरि व्यवसायलाई अझ प्रभाबकारी गरिनेछ । | खार्पुनाथ,सर्केगाड र चंखेली गाउँपालिकामा १३ जनालाई स्तरउन्नति गरि व्यवसायलाई अझ बलियो बनाउन सहयोग गरिनेछ । |
| ११ | हाउसवारिङ्ग तालिम | बिगतमा तालिम लिएका युवाहरुलाई अझ प्रभाबकारी बनाउन सहयोग पुग्नेछ । | खार्पुनाथमा १० जनालाई हाउसवारिङ्ग तालिम दिई उनिहरुको सिपमा अझ प्रभाबकारी बनाउन बिभिन्न प्रविधिहरु |

| | | | |
|---|---|---|---|
| | | | हस्तान्तरण गरि प्रभावकारी रुपमा वयवसाय शुरु गरेका हुनेछन । |
| १२ | साबुन बनाउने तालिम | स्तरउन्नतिको लागि तालिम दिई सिप बिकासमा सहयोग पुग्नेछ । | १९जनालाई स्तरउन्नति गरि व्यवसाय संचालन गर्ना सहयोग पुग्नेछ । |
| १३ | मौरी पालन तालिम | पुराना तालिम लिइएका उद्यमीहरुलाई स्तरउन्नति तालिम दिई उनिहरुले व्यवसायको स्तर उन्नति गरेका हुनेछन् । | सिमकोट ३ जनालाई मौरिपालन सम्बन्धि क्षमता बिकास तालिम दिईनेछ । |

## (क) नयां उधमी सृजनाका लागि गरिने क्रियाकलापहरु :

- होजियारी तालिम
- वेसिक कम्प्युटर तालिम
- फलामका औजार बनाउने तालिम
- व्यवसायीक कुक तालिम
- निगालोको समाग्री बनाउने तालिम (डोको,नाङलो,डालो,सुप्पो,थुन र चुइनो )
- आलुचिप बनाउने तालिम
- सिस्नो प्रशोधन तालिम
- अर्गानिक स्याउका चना तथा जुस बनाउने तालिम
- अर्गानिक च्याउ बनाउने तालिम

## १ गांउपालीका स्तरीय अभिमुखिकरण :

- सिमकोट गाउँपालिकामा मिति २०७५।१२।२८ गतेका दिन गरिबी निवारणका लागि लद्युउद्यम बिकास कार्यक्रमको अभिमुदिकरण संचालन गरिएको थियो उक्त कार्यक्रममा प्रमुख जिल्ला अधिकारी,समन्वय समितिका सभापति र अन्य बिभिन्न सरोकारवाला निकाय, उद्यमीहरु,संचारकर्मीहरुलाई यसको उद्धेश्य संचालन प्रकृया,कार्यक्षेत्रहरु र बजेटको बारेमा जानकारी गरिएको थियो भने यस कार्यक्रमको कानुनी प्रबद्धान तथा यसका बिभिन्न निति नियमहरुको बारेमा पनि जानाकारी गरिएको थियो । सिमकोट गाउँपालिका पुरानो समितिलाई पुन गठन गरि सदस्यहरु थपघट गरिएको थियो ।
- खार्पुनाथ गाउँपालिकामा मिति २०७६।०१।०२ गतेका दिन गरिबी निवारणका लागि लद्युउद्यम बिकास कार्यक्रमको अभिमुदिकरण संचालन गरिएको थियो उक्त कार्यक्रममा कार्यपालिकाका सबै सदस्यहरु अन्य बिभिन्न सरोकारवाला निकाय, उद्यमीहरु,संचारकर्मीहरुलाई यसको उद्धेश्य संचालन प्रकृया,कार्यक्षेत्रहरु र बजेटको बारेमा जानकारी गरिएको थियो भने यस कार्यक्रमको कानुनी प्रबद्धान तथा यसका बिभिन्न निति नियमहरुको बारेमा पनि जानाकारी गरिएको थियो । यस गाउँपालिकामा स्थानिय स्तरमा ६ सदस्यीय लद्यु उद्यम बिकास समिति गठन गरिएको थियो ।
- सर्केगाड गाउँपालिकामा मिति २०७६।०१।६ गतेका दिन गरिबी निवारणका लागि लद्युउद्यम बिकास कार्यक्रमको अभिमुखिकरण संचालन गरिएको थियो उक्त कार्यक्रममा गाउपालिका कार्यपालिकाका सम्पुर्ण सदस्यहरु र अन्य बिभिन्न सरोकारवाला निकाय, उद्यमीहरु,संचारकर्मीहरुलाई यसको उद्धेश्य संचालन प्रकृया,कार्यक्षेत्रहरु र बजेटको बारेमा जानकारी गरिएको थियो भने यस कार्यक्रमको कानुनी प्रबद्धान तथा यसका बिभिन्न निति नियमहरुको बारेमा पनि जानाकारी गरिएको थियो । यस गाउँपालिकामा स्थानिय स्तरमा ६ सदस्यीय लद्यु उद्यम बिकास समिति गठन गरिएको थियो ।
- चंखेली गाउँपालिकामा मिति २०७६।०१।७ गतेका दिन गरिबी निवारणका लागि लद्युउद्यम बिकास कार्यक्रमको अभिमुखिकरण संचालन गरिएको थियो उक्त कार्यक्रममा गाउपालिका कार्यपालिकाका सम्पुर्ण सदस्यहरु र अन्य बिभिन्न सरोकारवाला निकाय, उद्यमीहरु,संचारकर्मीहरुलाई यसको उद्धेश्य संचालन प्रकृया,कार्यक्षेत्रहरु र बजेटको बारेमा जानकारी गरिएको थियो भने यस कार्यक्रमको कानुनी प्रबद्धान तथा यसका बिभिन्न निति नियमहरुको बारेमा पनि जानाकारी गरिएको थियो । यस गाउँपालिकामा स्थानिय स्तरमा ६ सदस्यीय लद्यु उद्यम बिकास समिति गठन गरिएको थियो ।

| सि न | गउपालिका | वडा नं. | दलित | जनजाति | अन्य | महिला | पुरुष | जम्मा | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | सिमकोट | १,२,३ र ८ | ४ | १५ | ३५ | १५ | ३९ | ५४ | |
| २ | खार्पुनाथ | १देखि ५ | ३ | ३ | २७ | ५ | २८ | ३३ | |
| ३ | सर्केगाड | १देखि ८ | ४ | ८ | २६ | १७ | २१ | ३८ | |
| ४ | चंखेली | १देखि ६ | ३ | ५ | २१ | ८ | २१ | २९ | |
| | जम्मा | | १४ | ३१ | १०९ | ४५ | १०९ | १५४ | |










## २ कार्यमक्रम स्थलको पहिचान तथा छनौट

यस गरिबी निवारणको लागि लघुउद्यम बिकास कार्यक्रम (मेड्पा) संचालन गर्नाका लागि "स्वरोजगार,आत्मनिर्भर र आर्थिक उन्नितका लागि सिप सिकौं" भन्ने नाराका साथ सिमकोट गाउँपालिका ख,खार्पुनाथ गाउँपालिका, सर्केगाड गाउँपालिका र चंखेली गाउँपालिका सबै वडाहरु समेटने गरि गाउँपालिका प्रतिनिधि,कार्यपालिका तथा स्थानिय लघु उद्यम बिकास समितिद्धारा वस्तिहरु पहिचान गरिएको थियो भने वस्ति छनौट गर्नाका लागि बिभिन्न प्रकृया तथा छलफलबाट स्थल छनौट तथा पहिचान गरिएको हुनाले काम गर्दा कुनै पनि स्थानमा बिबात रहित रहेको थियो । घरधुरी सर्वेक्षण गरि वडा अध्यक्षको प्रतिनिधित्वमा सहभागी छनौट गरिएको थियो ।

| सि न | गाउँपालिका | वडा | वस्ति | कैफियत |
|---|---|---|---|---|
| १ | सिमकोट गाउँपालिका | १,२,३ र ८ | दोजाम,ठेहे,बरगाउ,लिमाटाङ्ग,तोर्पा,याङगु र स्याडा | |
| २ | खार्पुनाथ गाउँपालिका | १ देखि ५ सबै वडाहरु | पिउस,लाली,गोप्का,थाली,राया,छिप्रा,माजा, नल्ना,ताक्ला,खर्पेलगाउ,दुर्पा,याङचु | |
| ३ | सर्केगाड गाउँपालिका | २देखि ८ सबै वडाहरु | गोठी,कल्लास,राहादेबारोडिकोट,बराई,सायाँ ,रिप र सर्किदेब | |
| ४ | चंखेली गाउँपालिका | १ देखि ६ सबै वडाहरु | रिमी,दार्मा,मिमि,पालि,पिपलाङ्ग,निमागाउ, मासिधारा | |

## ३ प्रारम्भिक सर्वेक्षण

गरिबी निवारणको लागि लघु उद्यम बिकास कार्यक्रम(मेड्पा)अन्त्रर्गत हुम्लाका ७ वटा गाउँपालिका मध्ये खार्पुनाथ,सर्केगाड,चंखेली र सिमकोट गाउँपालिकाको १,२,३र ८ वडाहरुका झडै २४वटा बस्तिहरु छनौट गरि २३४जना नयाँ उद्यमीहरु छनौट गर्नाका लागि सिमकोटमा ४५ घरधुरी,खार्पुनाथमा ७५घरधुरी,सर्केगाडमा ७६घरधुरी र चंखेली गाउपालिकामा ५८ घरधुरीहरुमा सर्वेक्षण गरियो थियो ४वटा गाउँपीलकामा जम्मा २३४ जना नयाँ उद्यमीहरु छनौट गर्ना सहज हुनाका साथै प्रत्येक्ष लाभान्वित वर्ग छनौट भएका थिए । सर्वेक्षण गर्नाका लागि गाउँपालिका र वडाहरुसँग समन्वय गरि घरधुरी छनौट गरिएका थिए । ४ वटा गाउँपालिकाको १०वटा ठाउँमा सामाजिक ग्रामिण लेखाजोखा गरिएको थियो भने त्यसले गर्दा वस्तिहरुको यर्थात वस्तु स्थिति थाहा पाउन सहज भएको थियो

- सामाजिक नक्शा तथा श्रोत नक्शा
- सम्पनता स्तरिकरण
- उद्यमी छनौट भएका घरधुरीहरुको नम्बरीङ्ग
- लक्षित समुह छलपफल
- मौसमिपात्रो तयार
- चाहाना स्तरिकरण
- सम्भावित व्यवसायको जोडागत स्तरिकरण

**यी माथिका बिभिन्न बिधिहरु प्रयोग गरेर घरधुरी सर्वेक्षण र उद्यमीहरु छनौट गरिएको थियो ।**

**सहभागीतात्मक ग्रामिण लेखाजोखामा लाभान्वित जनसंख्या**

| सि न | स्थिान | दलित | जनजाति | अन्य | पुरुष | महिला | जम्मा |
|---|---|---|---|---|---|---|---|
| १ | ठेहे | ५ | १० | १५ | ११ | १४ | २५ |
| २ | छिप्रा | ३ | ० | २७ | १३ | १४ | २७ |
| ३ | वरगाँउ | ६ | १६ | १४ | १७ | १९ | ३६ |
| ४ | खर्पेगाउ | ७ | ६ | ८ | ९ | १४ | २३ |
| ५ | मुन्डी | ६ | ० | २३ | १६ | १९ | ३५ |
| ६ | सर्केगाड | ७ | ९ | १८ | १८ | १९ | ३७ |
| ७ | पिप्लाङ | ८ | ६ | १४ | १३ | १९ | ३२ |
| ८ | देउली | ५ | १० | १८ | १६ | १७ | ३३ |
| ९ | याङच्यु | ८ | २ | २५ | २० | १२ | ३२ |
| १० | दुल्लि | ३ | ० | २८ | १९ | १२ | ३१ |
| | जम्मा | ५८ | ५९ | १९० | १५२ | १५८ | ३१० |







## ४ बजार , प्रविधि तथा वातावरण सम्भाव्यता पहिचान

गरिबी निवारणका लागि लघु उद्यम बिकास कार्यक्रम लागु भएका सिमकोट,खार्पुनाथ,सर्केगाड र चंखेली गाउपालिकाहरुमा रहेका बजार क्षेत्रहरुको पहिचान गरि निश्चित ठाउँहरु तोक्ने काम गरिएको थियो भने उक्त बजार क्षेत्रहरुमा उद्यमी तथा समुदायका मानिसहरुले उत्पादन गरेका बिभिन्न सामाग्रीहरु सहजरुपमा बिक्रि वितरण गर्ना सहयोग पुगोस भन्ने उद्धेश्य बजारहरुको पहिचान गरिएको थियो उक्त बजारमा बिक्रि हुने सम्भावित वस्तुहरुको छनौट र त्यस क्षेत्रमा उक्त सामाग्री बिक्रि वितरण गर्नाका लागि वातावरणीय सम्भाब्यता अध्ययन गरि उपयुक्त वातारण र समुदायका लागि कुनै पनि त्यस्ता नकारात्मक असर पार्ने नदेखिएकाले उक्त बजार क्षेत्र उद्यमीहरुका लागि उपयुक्त रहेको देखिन्छ ।

यि बजारहरुले समुदायमा कुनै पनि क्षेत्र सामाजिक,धार्मिक,आर्थिक,राजनतिकमा असर नपर्ने देखिन्छ । यी क्षेत्रमा बिभिन्न आधुनिक प्रबिधिहरुको प्रयोग गरि व्यवसाय संचालन गर्दा पनि उक्त क्षेत्रमा कुनै पनि असर नपर्ने देखिन्छ भने उद्यमीहरुको लागि सबैको सेन्टर भएका र मानिसहरुको पनि जनघनत्व बढि भएकोले व्यवसायको प्रबल सम्भाबना देखिन्छ ।व्यवसाय विकास सेवा प्रदायक संस्थाले लघु उद्यमी बनाउनका लागि · महिला, दलित, जनजाति, अल्पसंख्यक,अपाङ्ग र अति गरिबहरूको पहुँच विश्लेषणलाई ध्यान दिँदै देहायका विषयहरूमा केन्द्रित रहेर अनुसूची ६ (फर्म ई, एफ, जी१, जी२) बमोजिम विश्लेषण गरी बजार, प्रविधि तथा बातावरण सम्भाव्यता पहिचान गरिएकोछ ।

- ❖ स्थानीयस्तरमा उपलब्ध हुने कच्चा पदार्थको सूची तथा सोको विश्लेषण गरेर
- ❖ उपलब्ध प्रविधिको सूची तथा सोको विश्लेषण गरेर
- ❖ स्थानीय कच्चा पदार्थ र प्रविधिका आधारमा आवश्यक पर्ने सिपको सूची तथा सोको विश्लेषण गर्ने
- ❖ सम्भावित औद्योगिक वस्तुहरू तथा सोका सम्भावित उपभोक्ताहरूको छनौट
- ❖ उद्यम सञ्चालनको लागि आवश्यक भौतिक पूर्वाधारको अवस्थाको बारेमा जानाकारी

❖ वातावरणीय प्रभाव तथा व्यवसायिक (सरकारी नीतिको प्रभावसहित) को अवस्था ।

## ५ सम्भाव्य लघु उधमीको पहिचान र छनौट

कार्यक्रम संचालन भएका गाउँपालिकाहरुले छनौट गरेका वस्तिहरुमा अति गरिब,महिला ,दलित जनजाति,पछाडि पारिएका घरधुरीहरुको फारम A भरेर तिनिहरु मध्ये छनौट भएका घरधुरीका युवा युवतिहरु छनौट गरिएका थिए भने उनिहरुको सम्पनता स्तरिकरण,चाहाना विश्लेषण तथा व्यवसाय छनौट गर्ना लगाए सम्भावना भएका व्यक्तिहरुलाई यस गरिबी निवारणका लागि लघु उद्यम बिकास कार्यक्रमका लक्षित वर्ग भित्र राखेर छनौट गरिएका थिए ।

## ६ समूह निर्माण तथा पहिचालन

**स**म्भाव्य उद्यमी पहिचान भै सकेपछि कार्यक्रमको उद्देश्य, सहभागीको रुची, क्षमता, आवश्यकता, सम्भाव्यता, कच्चा पदार्थ र बजारको उपलब्धता लगायतका पक्षहरूमा ध्यान दिई विभिन्न समूहमा आवद्ध हुन सहभागीलाई अभिमुखीकरण गरि सम्भावित उद्यमीहरु मध्ये सिप बिकासका लागि छनौट भएका उद्यमीहरुको छुट्टाछुट्टै समुह गठन गरिएका उक्त समुह गठन गरि उनिहरुलाई समुहमा आवद्ध गर्नाका साथै उनिहरुले गर्ने सामुहिक व्यवसायलाई प्रवद्धन गर्ना सहज हुने देखिन्छ । उक्त समुहमा अध्यक्ष,उपाध्याक्ष
सचिव,कोषध्याक्ष लगाएत सदस्यहरु छनौट गरिनेछन् भने उक्त समुह भित्र पनि सहायक उपसमितिहरु गठन गरि समुहलाई संस्था गत रुपमा अगाडी बढाउन सहज हुनेछ भने बिभिन्न सरोकारबाला निकायहरुसँग समन्वय गर्नाका लागि उनिहरुलाई साझेदार संस्थाले आवश्यक पहल गर्नेछ । उनिहरुलाई मासिक बैठक बसाल्लने बचत गर्ना सिकाउने बिभिन्न व्यपारीहरुसँग समन्वय गराउने काम गरिनेछ ।

**चार वटा गाउँपालिकामा तपशिल बमोजिमका रहेकाछन् ।**

| सि न. | समुह नाम | गाउपालिको नाम | समुह सदस्य संस्ख्या | कैफियत |
|---|---|---|---|---|
| १ | श्री कोदालो कुटो आरन लद्यु उद्यमी समुह | सिमकोट १,२ र ३ | १२ जना | |
| २. | श्री हिमाली कम्प्युटर लद्यु उद्यमी समुह | सिमकोट १,२,३ र ८ | १२ जना | |
| ३ | श्री दिदि बहिनी सिस्नु प्रशोधन लद्यु उद्यमीसमुह | सिमकोट १,२ र ३ | १६ जना | |
| ४ | श्री कोसेली कम्प्युटर समुह | खार्पुनाथ १,३,४ र ५ | ८जना | |
| ५ | श्री खार्पुनाथ आरन लद्यु उद्यमी समुह | खार्पुनाथ १ र ५ | १२जना | |
| ६ | श्री पहाडी च्याउ लद्यु उद्यमी समुह | खार्पुनाथ १ | ८ | |
| ७ | श्री मिलिजुली स्याउ लद्यु उद्यमी समुह | खार्पुनाथ ५ | ८ | |
| ८ | श्री शैपाल निगालो लद्यु उद्यमी समुह | खार्पुनाथ ५ | ७ | |
| ९ | श्री छिप्रा हाते होजियारी लद्यु उद्यमी समुह | खार्पुनाथ ४ | १५ | |
| १० | श्री सृर्जनशिल आलुचिप लद्यु उद्यमी समुह | खार्पुनाथ ४ | १२ | |
| ११ | लगनशिल आरन समुह | सर्केगाड | १३ | |
| १२ | आलुचिप समुह | सर्केगाड | १४ | |
| १३ | श्री फुलबारी च्याउ खेति लद्यु उद्यमी समुह | सर्केगाड | १४ | |
| १४ | सृजनशिल हाते होजियारी लद्यु उद्यमी समुहह | सर्केगाड | १४ | |
| १५ | प्रगतिशिल हाते होजियारी लद्यु उद्यमी समुह | सर्केगाड | ११ | |
| १६ | लगनशिल कम्प्युटर लद्यु उद्यमी समुह | सर्केगाड | ५ | |
| १७ | श्री शैपाल आरन लद्यु उद्यमी समुह | चंखेली | १५ | |
| १८ | श्री लामालेख कुक लद्यु उद्यमी समुह | चंखेली | १६ | |
| १९ | श्री कर्णाली आलुचिप लद्यु उद्यमी समुह | चंखेली | १० | |
| २० | श्री हिमाल स्याउ प्रशोधन लद्यु उद्यमी समुह | चंखेली १,२ | १२ | |
| | **जम्मा** | | **२३४** | |

## ७ उधमशीलता बिकास तालिम संचालन

सम्भाव्य उद्यमीहरूलाई तालिम स्थलमा बीस देखि पच्चीस जनाको समूहमा उपस्थित गराई सात दिनको उद्यमशीलता विकास र एक दिनको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण तालिम दिएको थियो भने गरिबी निवारणका लागि लघु उद्यम बिकास कार्यक्रम संचालन भएका गाउँपालिकाहरुमा छनौट भएका वस्तिका सम्भाबिति उद्यमीहरुलाई ८ दिने लधमशिलता बिकास तालिम संचालन गरिएको थियो भने उक्त तालिम गाउँपालिका तथा वडा कार्यायहरुको समन्वयमा बिभिन्न स्थान गरि जम्मा १०पटक यो तालिम संचालन गरिएको थियो उक्त तालिमबाट उद्यमीहरुले व्यवसाय भनेको के हो,किन गरिन्छ ,कस्का लागि गरिन्छ ,यस आवश्यकता, व्यवसायका प्रकार,व्यवसायका जोखिम,बजार व्यवस्थापन, वित्तिय व्यवस्था जस्ता कुराहरुको जानाकारी लिई उनिहरु व्यवसया गर्ना तत्पर वा सुधारका लागि बिभिन्न पहल गर्ना सक्ने क्षमताको बृद्धि भएको थियो यसले गर्दा उद्यमीहरुलाई पछि आई पर्ने समस्याहरुको सहजरुपमा न्युनिकरण गर्ना सहयोग पुग्नेछ ।

| सि नं | तालिमको नाम | स्थान | तलिमका सहभागीहरु | | | महिला | पुरुष | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| | | | दलित | जनजाति | अन्य | | | |
| १ | आफ्नो व्यवसाय सुरु तथा सुधार गरौ र लैगिंक सामाजिक समावेशीकरण तालिम | सिमकोट | १२ | १२ | १६ | २२ | १८ | ४० |
| २ | आफ्नो व्यवसाय सुरु तथा सुधार गरौ र लैगिंक सामाजिक समावेशीकरण तालिम | खार्पुनाथ | १५ | ७ | ४८ | ३७ | ३३ | ७० |
| ३ | आफ्नो व्यवसाय सुरु तथा सुधार गरौ र लैगिंक सामाजिक समावेशीकरण तालिम | सर्केगाड | १७ | १७ | ३६ | ४५ | २५ | ७० |
| ४ | आफ्नो व्यवसाय सुरु तथा सुधार गरौ र लैगिंक सामाजिक समावेशीकरण तालिम | चंखेली | १३ | १० | ३१ | २५ | २९ | ५४ |
| | **जम्मा** | | ५७ | ४४ | १३१ | १२९ | १०५ | २३४ |









## ८. सिपबिकास तालिमहरुको विवरण

हुम्ला जिल्लाका ७ गाउँपालिका मध्ये ४ वटा गाउँपालिका सिमकोट वडा नं.१,२,३ र ८ ,खार्पुनाथ गाउँपालिकाका वडा नं.१ देखि ५सम्म ,सर्केगाड गाउँपालिकाका वडा नं.१देख ७ सम्म र चंखेली गाउँपालिकाका वडा नं.१ देखि ६ सम्मका अति गरिब,बिपन्न तथा दलित,महिला १६ बर्ष देख ५० बर्षसम्मका बेरोजगारी युवा युवतिहरुलाई उद्यमशिलता तालिम दिई उनिहरुको चाहाना र सम्भाब्यताको आधारमा बिभिन्न शिप बिकास तालिमहरु संचालन गरिएका छन् यी तालिम लिई सकेपछि उद्यमीहरुले आफ्ना व्यवसाय संचालन गर्नसक्ने छन् भने तपशिलका गाउँपालिकाहरुमा सिपबिकास तालिम संचालन गरिएका छन् ।

### १.सिमकोट गाउँपालिकामा संचालन भएका सिप बिकास तालिमहरुको बिवरण

सिमकोट गाउँपालिकामा संचालन भएका बिभिन्न सिप बिकास तालिमहरु संचालन गरिएका थिए उक्त तालिमहरुबाट यहाँका उद्यमीहरुले नयाँ प्रबिधिका साथ नयाँ नयाँ बिधिहरु प्रयोग गरि तालिम संचालन गरिएको थियो यस तालिमका लाभानिन्वत बर्गहरु यस प्रकार रहेका छन् ।

| सिन | बिवरण | स्थान | दलित | जनजाति | अन्य | पुरुष | महिला | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| १० | आरन तालिम | सिमकोट | १२ | ० | ० | १२ | ० | १२ |
| ११ | कम्प्युटर | सिमकोट | ० | ८ | ४ | ५ | ७ | १२ |
| ११ | सिस्नो | सिमकोट | ० | ८ | ८ | ५ | ११ | १६ |
| | जम्मा | | १२ | १६ | १२ | २२ | १८ | ४० |













**२.खार्पुनाथ गाउँपालिकामा संचालन भएका सिप बिकास तालिमहरुको बिवरण**

खार्पुनाथ गाउँपालिकाको वडा नं.१ देखि ५ सम्मका ७० जना नयाँ र १५ जना पुराना उद्यमीहरुलाई बिभिन्न सिप बिकास तालिमहरु संचालन गरिएका थिए उक्त तालिमहरुबाट यहाँका उद्यमीहरुले नयाँ प्रबिधिका साथ नयाँ नयाँ बिधिहरु प्रयोग गरि तालिम संचालन गरिएको थियो यस तालिमका लाभानिन्वत बर्गहरु यस प्रकार रहेका छन् ।

| सि न | बिवरण | स्थान | दलित | जनजाति | अन्य | पुरुष | महिला | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| १२ | आरन तालिम | खार्पुनाथ | १२ | ० | ० | १२ | ० | १२ |
| १३ | ह्ते होजियारी | खार्पुनाथ | ० | ० | १५ | ० | १५ | १५ |
| १४ | आलुचिप | खार्पुनाथ | ३ | १२ | ९ | ० | १२ | १२ |
| १५ | निगालो | खार्पुनाथ | २ | ५ | ० | ७ | ० | ७ |
| १६ | च्याउ | खार्पुनाथ | ० | ० | ८ | ० | ८ | ८ |
| १७ | स्याउ | खार्पुनाथ | ० | ३ | ५ | ० | ८ | ८ |
| १८ | कम्प्युटर | खार्पुनार्थ | ० | १ | ७ | २ | ६ | ८ |
| | जम्मा | | १७ | २१ | ४४ | २१ | ४९ | ७० |








### ३. सर्केगाड गाउँपालिकामा संचालन भएका सिप बिकास तालिमहरुको बिवरण

सर्केगाड गाउँपालिकाको वडा नं.१ देखि ५ सम्मका ७० जना नयाँ र १५ जना पुराना उद्यमीहरुलाई बिभिन्न सिप बिकास तालिमहरु संचालन गरिएका थिए उक्त तालिमहरुबाट यहाँका उद्यमीहरुले नयाँ प्रबिधिका साथ नयाँ नयाँ बिधिहरु प्रयोग गरि तालिम संचालन गरिएको थियो यस तालिमका लाभानिन्वत बर्गहरु यस प्रकार रहेका छन् ।

| सि न | बिवरण | स्थान | दलित | जनजाति | अन्य | पुरुष | महिला | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| १ | च्याउ तालिम | सर्केगाड | २ | १ | ११ | १ | १३ | १४ |
| २ | ह्ते होजीयारी तालिम | सर्केगाड | १ | ३ | २१ | ० | २५ | २५ |
| ३ | आरन तालिम | सर्केगाड | १० | ० | ३ | १३ | ० | १३ |
| ४ | कम्प्युटर | सर्केगाड | ० | ० | ४ | २ | २ | ४ |
| ५ | आलु चिप तालिम | सर्केगाड | ० | ० | १४ | ० | १४ | १४ |
| | जम्मा | | १३ | ४ | ५३ | १६ | ५४ | ७० |




### ४. चंखेली गाउँपालिकामा संचालन भएका सिप बिकास तालिमहरुको बिवरण

चंखेली गाउँपालिकाको वडा नं.१ देखि ६ सम्मका ५४ जना नयाँ र १५ जना पुराना उद्यमीहरुलाई बिभिन्न सिप बिकास तालिमहरु संचालन गरिएका थिए उक्त तालिमहरुबाट यहाँका उद्यमीहरुले नयाँ प्रबिधिका साथ नयाँ नयाँ बिधिहरु प्रयोग गरि तालिम संचालन गरिएको थियो यस तालिमका लाभानिन्वत बर्गहरु यस प्रकार रहेका छन् ।

| सि न | बिवरण | स्थान | दलित | जनजाति | अन्य | पुरुष | महिला | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| १ | कुक तालिम | चंखेली | २ | ३ | ८ | ३ | ११ | १६ |
| २ | स्याउ चना | चंखेली | २ | ३ | ७ | ३ | ९ | १२ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | तालिम | | | | | | | |
| ३ | आरन तालिम | चंखेली | ७ | ० | ८ | १५ | ० | १५ |
| ४ | कम्प्युटर | चंखेली | ० | १ | ० | ० | १ | १ |
| ५ | आलु चिप तालिम | चंखेली | १ | ३ | ६ | ० | १० | १० |
| | जम्मा | | १२ | १० | २९ | २१ | ३१ | ५४ |










 

## ९.सिप  विकास तालिम संचालन तथा उपयुक्त प्रविधि हस्ताक्षरण

उद्यमशीलता विकास तालिम लिएका सहभागीहरू मध्ये सम्भावित व्यवसाय छनौटका आधारमा विभिन्न समूहमा आबद्ध गरी सिप विकास तालिम सञ्चालन गरिएको थियो उद्यमशीलता विकास तालिमका सहभागीहरू मध्ये सामान्यत: ३० प्रतिशतलाई लामो अवधि (४५ दिनदेखि बढीमा ३ महिनासम्म), ३० प्रतिशतलाई मध्यम अवधि (१६दिनदेखि ४५ दिनसम्म) र ४० प्रतिशतलाई छोटो अवधि (५ दिनदेखि १५ दिनसम्म) को तालिममा सहभागी गराउनु पर्नेछ । · तर तालिम संचालनका समयमा उद्यमशीलता विकास तालिम प्राप्त सहभागीहरु मध्ये व्यवसायिक योजना, छनोट भएको उद्यमको प्रकृती र आवश्यकताको आधारमा सिप विकास तालिम प्रदान गर्नुपर्नेछ । नियमानुसार तालिममा प्रयोग भएका मेशीन औजार तथा प्रविधिहरु तालिम पश्चात सम्बन्धित उद्यमीहरुलाई निम्न प्राथमिकताको आधारमा निशुल्क हस्तान्तरण गरिनेछ ।

- समूहमा उद्यम गर्न चाहनेहरु
- तालिम अवधिमा भएको प्रशिक्षार्थि मूल्यांकनको आधारमा
- घर धुरी सर्वेक्षणमा भएको गरिबीको आधारमा ।
- लगनशिलताको आधारमा

**तपशिल बमोजिमका प्रविधिहरु हस्तान्तरण गरिनेछ ।**

**१. आरन तालिम**

| सि न | तालिमको नामम | आफर | धन तथा हतौडी | रेति -फलाम रेत्ने र काठ रेत्ने) | ग्रान्डर | सिलि ढुङ्गा | टुल्सहरु | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | आफर तालिम | ५२ वटा | ९० वटा | ८०वटा | ६ वटा | २दर्जन | १२० पिस | |

**२.सिस्नु प्रशोधन तालिम**

| सि न | तालिमको नामम | स्थान | ग्रान्डर मेसिन | कैफियत |
|---|---|---|---|---|
| १ | सिस्नु प्रशोधन तालिम | ठेहे र बरगाउ | १ वटा | |

### ३.स्याँउ प्रशोधन तालिम

| सि न | तालिमको नामम | स्थान | ग्रान्डर मेसिन | कैफियत |
|---|---|---|---|---|
| १ | स्याँउ प्रशोधन तालिम | खार्पुनाथ र चंखेली | २०वटा | |

### ४.आलुचिप बनाउने मेसिन

| सि न | तालिमको नामम | स्थान | ग्रान्डर मेसिन | चक्कु | आलु छिल्ने | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | आलुचिप बनाउने तालिम | खार्पुनाथ,सर्केगाड र चंखेली | ३६वटा | ३६ | ३६ | |

### ४.च्याउखेतिको लागि स्प्रीए वितरण

| सि न | तालिमको नामम | स्थान | स्प्री | | | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | च्याउखेतिको लागि स्प्री | खार्पुनाथ र सर्केगाड | २२ वटा | | | |






## १० लघु कर्जामा पहुंच , वजार सम्बन्धन विकास तथा परामर्श सेवा

कार्यक्रम लागु भएका वस्तिहरुमा छनौट भएका लद्यमीहरुलाई व्यवसाय संचालन गर्नाका लागि आफ्नो स्वलगानी तथा अन्य आफन्त वा बिभिन्न बैंक,वित्तिय संस्था र सहकारी संस्थाहरुसँग बेला बेला समन्वय बैठक बसाली सस्तो कर्जा प्रभाहका लागि समन्नवय गराई कर्जा उपलब्ध गराउन सहज हुनेछ । बजारीय ठुला व्यापारिहरुसँग समन्वय गराउन उनिहरुसँग बेला बेला समन्वय बैठक बसाली बिभिन्न बिज्ञहरुबाट उत्पादित तथा संचालन गर्ना लागेका व्यवसायको बारेमा परार्मश सेवा उपलब्ध गराईनेछ यसले गर्दा उनिहरुको लागि जोखिम कम गरि बढि भन्दा बढि लाभ लिनका लागि सहयोग गरिनेछ ।

## ११ साझा सुविधा केन्द्र स्थापना र संचालन

अति गरिबी तथा विपन्नताको कारण उद्यम स्थापना गर्न आफ्नो निवासस्थानमा पर्याप्त स्थान उपलब्ध नहुने,अति गरिबको वित्तीय सेवामा पहुंच नहुने तर उद्यम गर्न इच्छुक लघु उद्यमीहरूको सङ्ख्या दशभन्दा बढी रहेको भौगोलिक क्षेत्र/समुदायमा साझा सुविधा केन्द्र स्थापना गरिनेछ ।

गरिबी निवारणका लागि लद्यु उद्यम बिकास कार्यक्रम हुम्ला जिल्लाका ७ वटै गाउँपालिकाहरुमा आ.व.२०७५।०७६को नेपाल सरकारको बार्षिक कार्यक्रम अनुसार संचालन हुर्दै आईरहेको छ यस कार्यक्रमले हुम्ला जिल्लामा रहेका बेरोजगार युवा युवतिहरुलाई बिभिन्न सिपहरु सिकाएर आत्म निर्भर बनाउने उद्धेश्यले एक युवा एक उदम सृजना गरि गरिबी न्युनिकरणमा सहयोग पुरयाउने उद्धेशयका साथ विगत आ व देखि सिमकोट गाउँपालिकाको वडा नं.१,२मा साबुन उद्योग संचालन गर्नाका लागि १६ जना महिलाहरुलाई तालिम संचालन गरिएको र हाल उनिहरुलाई एक ठाउँमा एकिकृत गरि पुन साबुन उद्योगलाई पुन स्थापना गर्नाको लागि साझा सुविधा केन्द्र निर्माण गरिनेछ भने यसको संचालनका लागि वडाकार्यालयलाई जिम्मेवारी बनाई उनिहरुको प्रत्येक्ष निगरानीमा साबुन उद्योग समुहले संचालन गर्ने छन् यस साझा सुबिधा केन्द्रको ७सदस्यीय संचालक समिति गठन गरिनेछ उक्त समुहका सदस्यहरुलाई मासिक बैठक बसाली बचत गर्ने र मर्मत सम्भारका लागि आफ्नो व्यवसाय संचालन गरे बाफत केहि शुल्क निर्धारण गरिनेछ । यसको स्तरउन्नतिका लागि गाउँपालिका र बिभिन्न सरोकारबाला निकायहरुसँग समन्वय गरि कोष जम्मा गर्न एक कार्यविधि तयार गरिनेछ उक्त कार्यविधि अनुसार उक्त कोष संचालन गर्न ३ सदस्यीय लेखा समिति गठन गरिनेछ ३ सदस्यीय अनुगमन समिति पनि गठन गरि उद्यमी, उद्यम र यस साझा सुबिधा केन्द्रको बेला बेला अनुगमन पनि गरिनेछ ।

## (ख) भैरहेको लघु उधमीहरुको स्तरोन्नतिको लागि गरिने क्रियाकलापहरु

गरिबी निवारणका लागि लद्यु उद्यम बिकास कार्यक्रम लागु भएका गाउँपालिकामा पुराना उद्यमीहरुलाई तपशिलका कृयाकलापमा संल्गन गराउनु पर्नेछ ।

- ✓ जिल्ला उद्यम विकास समितिले वार्षिक योजनामा लघु उद्यमीहरुको स्तरोन्नतिका लागि पुनर्ताजगी तथा एडभान्स तालिम दिने लक्ष्यका साथ पुनर्ताजगी तथा एडभान्स तालिम दिनु पूर्व व्यवसायलाई निरन्तरता दिन चाहनेका लागि Training of Existing Enterprenerus तालिम र व्यवसायलाई स्तरोन्नति गर्न चाहनेका लागि Training of Growing Enterrpreneurs तालिम प्रदान गर्नुपर्नेछ ।
- ✓ तालिम संचालन गर्दा स्थानीय तहको प्राथमिकतालाई समेत आधार लिनु पर्नेछ ।पुनर्ताजगी तथा एडभान्स तालिमका लागि आवश्यकता विश्लेषण (NeedAssesment) को आधारमा पुनर्ताजगी तथा एडभान्स तालिमको लागि सहभागी छनौट गर्दा तालिमको आवश्यकता, प्रकार, अवधि, सहभागीको सङ्ख्या, तालिम दिने विषयको विवरण (Training Modules), श्रोतव्यक्ति, लागत लाभ विश्लेषण, लागत सहभागिता, व्यवसायिक योजना सहित तालिमको अनुमानित लागत उल्लेख गरिनेछ ।
- ✓ पुनर्ताजगी तथा एडभान्स तालिमका लागि छनौट भएका लघु उद्यमीहरूसँग अर्न्तक्रिया गरी उनीहरूको तालिम आवश्यकता, सम्भाव्यता र क्षमता समेतको विश्लेषण गरेर एडभान्स तालिममा सहभागी गराईनेछन् ।
- ✓ पुनर्ताजगी तथा एडभान्स तालिम कार्यक्रमहरू उपयुक्त स्थानमा सञ्चालन गर्नुपर्नेछ ।
- ✓ स्तरोन्नतिको सेवा प्राप्त गर्नु पूर्व लघु उद्यमीहरुले प्रचलित कानून बमोजिम व्यक्तिगत उद्यम भए व्यक्तिगत उद्यम, समूहमा भए (साझा सुविधा केन्द्रमा भएको उद्यम समेत) साझेदारी फर्मको रुपमा सम्बन्धित निकायमा दर्ता गराउन सहजिकरण गरिनेछ ।
- ✓ लघु उद्यमीलाई प्रविधि हस्तान्तरण गर्ने कार्यक्रमको पूर्व जानकारी वडा कार्यालय, उद्यम विकास समिति र कार्यालयलाई गराउनु पर्नेछ ।

## लघु उद्यमीहरुको स्तरउन्नतिका लागि हाल गरिने कृयाकलापहरु

- सर्केगाड र चंखेलीमा २२ जना लाई होजियारी तालिम
- सर्केगाड र चंखेलीमा ८ जना लाई सिलाईकटाई तालिम
- खार्पुनाथमा १२ जनालाई हाउसवाईरिङ्ग तालिम र ३ जनालाई सिलाई कटाई तालिम
- सिमकोटमा १९जनालाई साबुन बनाउने तालिम
- सिमकोटमा ३ जनालाई मौरीपालन तालिम

**क.सिमकोट गाउँपालिकामा पुराना उद्यमीहरुको स्तरउन्नति**

| सि न | तालिमको नाम | दलित | जनजाति | अन्य | पुरुष | महिला | जम्मा |
|---|---|---|---|---|---|---|---|
| १ | साबुन प्रशोधन पुर्नताजकिय तालिम | ० | ० | १९ | २ | १७ | १९ |
| २ | मौरी पालन पुर्नताजकिय तालिम | ० | ० | ३ | २ | १ | ३ |
| ३ | जमम | ० | ० | २२ | ४ | १८ | २२ |





**ख.खार्पुनाथ गाउँपालिकामा पुराना उद्यमीहरुको स्तरउन्नति**

| सि न | तालिमको नाम | दलित | जनजाति | अन्य | पुरुष | महिला | जम्मा |
|---|---|---|---|---|---|---|---|
| १ | हाउस वाइरीङ तालिम | १ | २ | ७ | १० | ० | १० |
| २ | सिलाई कटाई | ५ | ० | ० | ३ | २ | ५ |
| ३ | जमम | ६ | २ | ७ | १३ | २ | १५ |





**ग.सर्केगाड गाउपालिकामा पुराना उद्यमीहरुको स्तरउन्नति**

| सि न | तालिमको नाम | दलित | जनजाति | अन्य | पुरुष | महिला | जम्मा |
|---|---|---|---|---|---|---|---|
| १ | होजियारी पुर्नताजकिय तालिम | ४ | ० | १२ | ७ | ५ | १२ |
| २ | सिलाई कटाई पुर्नताजकिय तालिम | ३ | ० | ० | २ | १ | ३ |
| ३ | जमम | ७ | ० | १२ | ९ | ६ | १५ |





**क.चंखेली गाउपालिकामा पुराना उद्यमीहरुको स्तरउन्नति**

| सि न | तालिमको नाम | दलित | जनजाति | अन्य | पुरुष | महिला | जम्मा |
|---|---|---|---|---|---|---|---|
| १ | होजियारी पुर्नताजकिय तालिम | ० | ० | १० | ० | १० | १० |
| २ | सिलाई कटाई पुर्नताजकिय तालिम | २ | २ | १ | ३ | २ | ५ |
| ३ | जमम | २ | २ | ११ | ३ | १२ | १५ |






## (ग) जनशक्ति व्यावस्थापन

यस गरिबी निवारणका लागि लद्युउद्यम बिकास कार्यक्रम संचालन गर्नाका लागि स्नोल्याण्ड एकिकृत बिकास केन्द्रमा कार्यरत तपशिल बमोजिमका जनशक्ति परिचालन गरि कार्यक्रमलाई अझ प्रभाबकारी बनाई उद्यमी सृजनाका साथै पुराना उद्यमीहरुको स्तरउन्नति र परामर्श सेवा प्रदान गर्दै प्रबिधि हस्तान्तरणका बिभिन्न कृयाकलापहरु संचालन गर्निछन् भने यस कार्यैक्रममा कार्यरत कर्मचारीहरु कार्यक्रम संचालन भएका गाउँपालिकाहरु गई बिभिन्न सरोकारवाला निकायहरुसँग समन्वय गरि सिप बिकास तालिमहरु संचालन गर्ने छन् ।

| सि.नं. | कर्मचारीहरुको नाम | पद | शैक्षिक योग्यता | कार्य अनुभव | कार्यक्षेत्र | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | सेरपछिरिङ्ग लामा | कार्यक्रम संयोजक | स्नातक | ५ | ४वटा गाउपालिका | |
| २ | रबिन्द्र रावत | लेखा तथा वित्त सहायक | स्नाकोउत्तर | ५ | ४वटा गाउपालिका | |
| ३ | गोबिन्द कामी | कम्प्युटर अपरेटर | आई कम | ६ | ४वटा गाउपालिका | |
| ४ | रुपसिं बोहोरा | का स | आई ए | ६ | ४वटा गाउपालिका | |
| ५ | मन्जु कुमारी थापा | ईडिएफ | लेबल दुई | ३ | सिमकोट, खार्पुनाथ | |
| ६ | रतन भण्डारी | ईडिएफ | लेबल दुई | ५ | सिमकोट, खार्पुनाथ | |
| ७ | राजभक्त फडेरा | ईडिएफ | लेबल दुई | २ | सर्केगाड | |
| ८ | दलु टमट्टा | ईडिएफ | लेबल दुई | २ | चेखेली | |
| ९ | गंगा ब. बुढा | ईडिएफ | लेबल दुई | ५ | सर्केगाड,चेखेली | |

## (घ) भौतिक सामाग्रीहरुको व्यावस्थापन

गरिबी निवारणका लागि लद्यु उद्यम बिकास कार्यक्रम संचालन गर्नाका लागि स्नोल्याण्ड एकिकृत बिकास केन्द्रले संस्थामा रहेका साधन तथा नयाँ बिभिन्न तालिम सामाग्रीहरु,तालिम निर्देशिकाहरु तथा सिप बिकासका लागि अन्य सामाग्रीहरुको व्यवस्थापन गरेर संचालन गरेको थियो यसले गर्दा तालिमलाई अझ प्रभावकारी किसिमले संचालन गर्ना सहयोग पुगी भावी उद्यमीहरुलाई आफ्नो व्यवसाय संचालन गर्न सहयोग पुग्ने देखिन्छ । २३४जना नयाँ र ६७जना पुराना उद्यमीहरुलाई बिभिन्न आरनाका सामाग्री,होटेल कुकका सामाग्री,सिस्न मेल्लने मेसिन,आलु चिप बनाउने मेसिन तथा स्याउ प्रशोधनको लागि मेसिनहरु खरिद गरि उद्यमीहरुलाई वितरण गरेर व्यवसायीक तालिम दिईने छ भने अन्य स्थानिय सामाग्रीहरु प्रयोग गरिनेछ यसले गर्दा स्थानिय सामाग्रीहरुको पनि प्रबद्धन हुनाका साथै त्यसको बजार व्यवस्थापनको पनि पहल गरिने छ ।

## (ङ) अन्या निकायसँग साझेदारी र समन्वय

नेपाल सरकारको लक्ष्य अनुसार बेरोजगार युवा युवतिहरुलाई स्वदेशमा नै बिभिन्न सिप मुलक तालि दिएर बिभिन्न वित्तिय निकायहरुसँग समन्वय गराई स्वरोजगार स्थापना गरि गरिबी न्युनिकरणमा सहयोग पुग्ने गरि गरिबी निवारणका लागि लद्यु उद्यम बिकास कार्यक्रम स्नोल्याण्ड एकिकृत बिकास केन्द्रको साझेदारीमा हुम्ला जिल्लाका ४ वटा गाउँपालिका सिमकोट,खार्पुनाथ,सर्केगाड र चंखेली गाउँपालिकामा संचालन गरिएको छ यस कार्यक्रममा यी ४ वटा गाउँपालिकामा जम्मा २३४ जना नयाँ उद्यमीहरु सृजना गर्ने र ६७ जना पुराना उद्यमीहरुको स्तर उन्नति गर्नाका लागि र १ वटा सभा सुबिधा केन्द्र निर्माणका लागि बिभिन्न सरोकारवाला निकाय गाउँपालिका,वडा कार्यालयहरु,कृषि शाँखा,पशु,वन तथा अन्य साझेदार निकायसँग समन्वय गरिनेछ भने वित्तय सहयोगको लागि जिल्लामा स्थित सरकारी तथा निजि बैंकहरु,वित्तिय संस्थाहरु र सहकारी संस्थाहरु सँग समन्वय गरि उद्यमीहरुलाइ सहजरुपमा व्यवसाय र सिप सिक्न सहज गरिनेछ भने व्यवसायलाई दियो पना दिनाका लागि उनिहरुको क्षमता बिकासका साथै व्यवसाय जोखिम न्युनिकरण कोषको स्थापना गरिने छ ।

## (च) वित्तिय सुशासन जोखिम न्यूनीकरण सम्बन्धी व्यावस्था

लघु उद्यम विकास कोषको संस्थागत, आर्थिक, वित्तीय सुशासन एवं विश्वसनीयता कायम गर्दै यस सम्बन्धी जोखिमहरू न्यूनीकरण गर्नका लागि देहाय बमोजिमको व्यवस्था गरिएको छ :

- जिल्ला उद्यम विकास समितिले आफ्नो जिम्मेबारी निर्वाह गर्ने क्रममा काम कारबाही सञ्चालन गर्दा कोषको सर्वोपरि हितलाई ध्यानमा राखी कोषप्रतिको विश्वसनियता अभिवृद्धि गर्नु पर्नेछ ।
- सार्वजनिक खरिद ऐन, नियम, प्रचलित कानुन र यस निर्देशिका विपरीत कुनै पनि कार्यक्रम/क्रियाकलाप सञ्चालन गर्न पाईने छैन ।
- बिभिन्न वित्तिय संस्था तथा बैंकहरुबाट लिएको ऋणलाई जोखिम न्युनिकरण गर्नाका लागि उद्यमीहरुलाई जोखिम न्युनिकरण कोषको स्थापना गर्नाका लागि सहजिकरण गरि स्थापनाको पहल गरिनेछ ।

## परिच्छेद तीन : अनुगमन तथा मूल्याकंन

### ३ अनुगमन तथा मूल्याकन :

गरिबी निवारणका लागि लघु उद्यम बिकास कार्यक्रम लागु भएका सिमकोट,खार्पुनाथ,सकर्केगाड र चंखेली गाउँपालिकामा संचालन भएको उधमशीलता बिकास तालिम,लामो अवधिको तालिम,मध्यम अवधिको तालिम,छोटा अवधिका तालिम ,परार्मश सेवा,प्रविधि हस्तान्तरण र साझा सुबिधा केन्द्र निर्माण तथा स्थापना तथा संचालनका लागि गरिएका बिभिन्न कृयाकलापहरुको जिल्ला उद्यम बिकास समिति,जिल्ला घरेलु तथा साना उद्योग बिकास समिति,पालिका स्थानिय लघुउद्यम बिकास समिति तथा अन्य सरोकारवाला निकाय र पत्रकारहरुबाट बेला बेला यसको अनुगमन गराईने छ उक्त बिभिन्न स्तरिय अनुगमनबाट आएका सल्लाह सुझावहरुलाई कार्यान्वयनमा गरिनेछ भने यसले गर्दा कार्यक्रमलाई थप प्रभाबकारी बनाउन सहयोग मिल्नेछ ।

### (१) कार्यक्रम अनुगमन तथा मूल्याकंन प्रकृया

**यस कार्यक्रमको बिभिन्न तहबाट अनुगमन गरिनेछ यसले गर्दा कार्यक्रमलाई अनुगमन गर्दा तपशिल बमोजिमका प्रकृया अपनाईनेछ ।**

➢ संघ, प्रदेश र स्थानीय तहका जिम्मेवार निकाय र पदाधिकारीले सूचकहरू निर्धारण गरी कार्यक्रमको प्रभावकारी अनुगमनको व्यवस्था मिलाईनेछ । अनुगमन तथा मूल्याङ्कन स्थानीय तह, जिल्ला उद्यम बिकास समिति,स्थानिय उद्यम बिकास समिति तथा अन्य पत्रकार र सरोकावाला निकायहरुबाट आवश्यकता अनुसार गरिनेछ ।

➢ स्थानीय तहमा उद्यम विकास समितिबाट कार्यक्रमको नियमित अनुगमन गराईनेछ । उद्यम विकास समितिले गरेको अनुगमनको सुझाब सल्लाह अनुसार कार्यक्रमलाई अझ सश्क्त बनाइनेछ ।

➢ जिल्लामा ८ सदस्य जिल्ला समन्वय समिति गठन गरिएको छ ।

➢ पलिका स्तरिय ६ सदस्य स्थानिय लघु उद्यम बिकास समिति गठन गरिएकोछ ।

➢ संस्थामा एउटा उपसमिति गठन गरिनेछ त्यसले कार्यक्रमको सर्म्पुण क्षेत्रको अनुगमन गरिनेछ यसले गर्दा संस्थाले गरेका सबै कामहरु प्रभाबकारी बनाउन सहयोग गर्नेछ ।

➢ संचालन गरेको कृयाकलापहरुको पत्रकारद्धारा अनुगमन गरि बिभिन्न पत्रपत्रिकामा प्रकासित गरिनेछ यसले गर्दा उक्त कामको सबैले सहजरुपमा जानाकारी लिन सकोस् ।

### (२) कार्यक्रम अनुगमन तथा मूल्याकंन प्रकृयामा सस्थागत उत्तरदायित्व तथा सरोकारवालाहरुको संलग्नता ।

स्नोल्याण्ड एकिकृत बिकास केन्द्रले जिल्ला उद्यम विकास समिति तथा जिल्ला घरेलु तथा साना उद्योग बिकास समितिको सल्लाह सुझाब र गरिबी निवारणका लागि लघु उद्यम बिकास समिति निर्देशिका २०७० अनुसार कार्यक्रमको अनुगमन गरिनेछ ।

❖ स्नोल्याण्ड एकिकृत बिकास केन्द्रले मासिक र चौमासिक रुपमा कार्यक्रमको अवस्थाको विश्लेषणका लागि नियमित अनुगमन गर्नेछ ।
❖ सरोकारवाला निकायहरुले स्नोल्याण्ड एकिकृत बिकास केन्द्रको सम्झौतामा उल्लेख भए बमोजिम कार्यक्षेत्रमा काम गरे नगरेको सम्बन्धमा स्थलगत अनुगमन गरी वास्तविकता पत्ता लगाउनेछ ।
❖ कार्यक्षेत्रमा देखिएका र अनुभव गरिएका राम्रा अभ्यास तथा सुधार गर्नु पर्ने पक्षहरूमा संस्थाको कार्यकारी समितिमा विच कार्यरत कर्मचारीहरु छलफल गर्न लगाईनेछ ।
❖ संस्थाले संचालन गरेका स्तरोन्नति र प्रविधि हस्तान्तरणका सम्बन्धमा भै रहेका कार्यहरुको सरोकारवाला निकायहरु समक्ष प्रगति समीक्षा गरी आवश्यक सुझाब सल्लाह लिई कार्यक्रमलाई निरन्तता दिने
❖ अनुगमनका क्रममा कार्यसम्पादन सन्तोषजनक भएको नगरेको पालिकाइएमा यसको जानकारी सम्बन्धित निकायलाई तुरुन्त गराई आवश्यक कार्यवाहीको लागि सुधार गरिनेछ ।
❖ सेवा प्रदायक संस्थाले पेश गरेको बिजक वास्तविक कार्यक्रम सम्पादन र परिणाम (actual performance and result_ को आधारमा भुक्तानीको लागि आवश्यक सिफारिसका लागि जिल्ला घरेलु तथा साना उद्योग बिकास समितिमा माग गरिनेछ ।
❖ अनुगमनलाई प्रभावकारी र नतीजामुखी बनाईनेछ ।





**(३) प्रभावकारी अनुगमन तथा मूल्याकंनद्धारा कार्यक्रमको प्रतिफल गुणस्तरीय हुने सुनिश्चतता ।**

**अनुगमन तथा मुल्यांकन** :

➢ परियोजनाका गतिबिधि प्रगतिको सुपरिवेक्षण कसरी गर्ने ?

- ✓ संस्थाद्धारा खटाइएको कर्मचारीहरु : उद्यम विकास सहजकर्ता र संयोजकबाट सम्बन्धित कार्यक्षेत्रमा गइ नियमित सुपरिवेक्षण गरिनेछ ।
- ✓ गाउ लद्युउद्यम विकास समितिबाट६ महिनाको एक पटक उद्यम विकास संग सम्वन्धित क्रियाकलापहरुको सुपरिवेक्षण अनुगमन गर्ने कार्यको प्रबन्ध गरिनेछ वा अर्थात समितिलाइ सुपरिवेक्षण कार्यमा क्रियाशिल गराइनेछ
- ✓ संस्था वा संस्थाका फिल्ड कर्मचारीबाट जिल्ला घरेलु तथा साना उद्योग समितिको कार्यलयलाइ संचालित गतिविधीको मासिक सुपरिवेक्षणमा सहजिकरण गरिनेछ ।
- ✓ सपमुलक उद्यम विकास तालिमहरु जस्तै लामो अवधीको तालिमको हकमा न्युनतम ४ पटक र छोटो अवधीकोतालिममा न्युनतम १ पटक अनिवार्य सुपरिवेक्षण गरी सिकाइ अभ्यास मुल्यांकन गरिनेछ ।
- ✓ स्तरोन्नती सहयोग गरिने संचालित उद्यमीहरुवाट६ उत्पादित वस्तु,सेवा प्रक्रिया बारे नियमित सुपरिवेक्षण गरिने व्यवस्था मिलाइनेछ ।
- ✓ क्रियाकलापहरु संचालनको समय र सम्पन्न हुनु भन्दा १ हप्ता पहिला सुपरिवेक्षण गरिनेछ ।

## परिच्छेद चार : प्रतिवेदन प्रकृया

**४ प्रगति प्रतिवेदनको :**

**(१) केन्द्रदेखि स्थानीय तहसम्म सबै निकायले समयमै प्रतिवेदन तयार गर्नु पर्दछ ।**

- ❖ स्नोल्याण्ड एकिकृत बिकास केन्द्रले दफा १२(८) अनुसार सम्झौता सम्पन्न भएको १ महिना भित्र प्रारम्भिक प्रतिवेदन  Inception Report) जिल्ला घरेलु तथा साना उद्योग बिकास समितिको कार्यालयमा पेश गरिएको छ ।
- ❖ यस संस्थाले अनुसूची १४ बमोजिमको ढाँचामा नियमिति प्रगति प्रतिवेदन तथा मासिक प्रतिवेदन जिल्ला घरेलु तथा साना उद्योग बिकास समितिमा पेश गरिएको छ ।
- ❖ स्नोल्याड एकीकृत बिकास केन्द्रले प्रतिवेदन तयार गरी महिना वितेको २१ दिनभित्र जिल्ला उद्यम बिकास समिति र जिल्ला घरेलुमा पठाईनेछ । जिल्ला उद्यम बिकास समिति र जिल्ला घरेलुले आवश्यकता अनुसार पृष्ठपोषण तथा सुझावहरू लिई कार्यान्वयन गरिनेछ ।

- ❖ स्नोल्याण्ड एकिकृत बिकास केन्द्रले मासिक, चौमासिक र वार्षिक वित्तीय विवरण अवधि समाप्त भएको १५ दिनभित्र र लेखा परीक्षण प्रतिवेदन सहितको वित्तीय विवरण आर्थिक वर्ष समाप्त भएको ३ महिनाभित्र जिल्ला उद्यम विकास समितिमा पेश गरिनेछ ।
- ❖ अन्य प्रतिवेदन आवश्यकता अनुसार तयार गरि  जिल्ला घरेलुमा उपलब्ध गराउनेछ । भने यस संस्थाको अनुगमन तथा मूल्याङ्कन निर्देशिका अनुसार अनुगमन तथा मूल्याङ्कनलाई व्यवस्थित गरिनेछ ।

### (१) मेडपा संचालन निर्देशिका , २०७० मा व्यावस्था भए वमोजिमको प्रतिवेदन प्राप्त हुने सुनिशितता

हुम्लाका ७ वटा गाउँपालिका मध्ये ४ वटा गाउँपालिकाहरुमा संचालित गरिबी निवारणका लागि लद्यु उद्यम बिकास कार्यक्रम अन्र्तगत बिभिन्न सिप बिकास तालिमहरु लामो अवधि,मध्यम अवधि र छोटो अवधि गरि जम्मा ३ किसिमका तालिम हरु संचालन गरिएका छन् भने २३४जनालाई लद्यु उद्यम बिकास तालिम संचालन गरिएको थियो भने ६७ जनालाई स्तर उन्नतिको लागि बिभिन्न प्रबिधी र तालिमहरु संचालन गरिने छन् भने त्यसको लागि तपशिलका कृयाकलाप मार्फत सुनिश्चिता गरिनेछ ।

- ✓ उद्यम व्यवसायको लक्ष्य,उद्धेश्य निर्धारण गरी सुरुवात गर्न उत्प्रेरित गरीनेछ ।
- ✓ बजार तथा बजारीकरण,उत्पादन,आर्थिक,जनशक्ति योजना तयार गरी व्यवसाय संचालनमा ल्याइनेछ ।
- ✓ उद्यम व्यवसायमा रहेका ग्यापहरुको विश्लेषण तथा बजार सर्वेक्षण गरीनेछ ।
- ✓ उद्यम संचालन तथा प्रवर्द्धन सम्बन्धी नया रणनीतिहरु विकास गरीनेछ ।
- ✓ उद्यम व्यवसाय संचालन सम्बन्धी कार्य योजना तयार गरीनेछ ।
- ✓ उद्यम व्यवसाय सम्बन्धी नविनतम अभ्यासहरुको प्रयोग गर्न सहजिकरण गरीनेछ ।
- ✓ विषयगत विज्ञ एवं नेपाल सरकारबाट मान्यता प्राप्त प्रशिक्षकहरुवाट उद्यम विकास सम्बन्धी तालिमहरु संचालन गरीनेछ ।
- ✓ उद्यमीहरुको रुचि र मागमा केन्द्रित भइ लामो,मध्यम र छोटो अवधीकाह सिपमुलक विकास तालिमरुको व्यवस्था गरीनेछ ।
- ✓ उद्यमीहरुलाइ अनुकुल प्रवृधिहरु हस्तान्तरण गरी व्यवसायमा प्रृविधिको प्रयोग गरीनेछ ।
- ✓ उद्यमीहरुको गाउ,जिल्ला स्तरीय संजाल अर्थात समुह निर्माण गरी व्यवसायको प्रवर्द्धनमा लबिङ पावरमा बृद्धि गराइनेछ ।
- ✓ उद्यमीको संजाललाइ स्थानीय तह सरकारसंग सम्बन्ध विस्तार गरी सहकार्य,लागत साझेदारीका लागि सहजता ल्याइनेछ ।
- ✓ उद्यम व्यवसाय सम्बन्धी क्रियाकलापहरुलाइ स्थानीय सरकारको योजना तर्जुमा प्रणालीमा समाहित गराइनेछ ।
- ✓ स्थानीय सरकारलाइ उद्यम विकासका क्रियाकलापहरुको स्वामित्व हस्तान्तरण गरीनेछ ।
- ✓ समन्वय, वैठकको माध्यमबाट वित्तिय निकाय,सहरकारी,बैंकसंग उद्यमीको पहुच अभिबृद्धि गरी कर्जाको सुनिश्चितता गरीनेछ ।
- ✓ लद्यु उद्यम समितिका सदस्यहरुलाइ प्रति मिहना न्युनतम १०० रुपैया नियमित बचत गर्ने बानीको विकास गरी स्व पुजि कोष निर्माणमा ध्यान दिइनेछ ।
- ✓ उद्यमी व्यवसायीको संस्थागत क्षमतामा सुधार गरीनेछ ।
- ✓ उद्यम व्यवसाय सम्बन्धी आवश्यक परामर्शिय सेवा प्रदान गरीनेछ ।
- ✓ उत्पादित बस्तुको बजारीकरणमा सहयोग गरेर अर्थात बजार संजालको निर्माण गरीनेछ ।
- ✓ उत्पादित बस्तुको मुल्य अभिबृद्धि श्रृंखलामा जोड दिइनेछ ।
- ✓ गुण स्तरीय सेवा प्रबाहाका लागि लेबलिंग,प्याकेजिंगमा जोड दिइनेछ ।
- ✓ स्थानीय ब्राण्डलाइ महत्व दिइ उत्पादनमा जोड दिइनेछ ।
- ✓ स्थानीय श्रम,सीप तथा कच्चा पर्दाथको अधिक्तम उपयोग गरीनेछ ।
- ✓ वातावरणीय प्रभाव न्युनिकरणमा ध्यान दिइनेछ ।
- ✓ व्यवसायमा सहकार्य र समन्वय,लागत साझेदारीलाइ अधिक्तम प्राथामिकता दिएर संचालनमा ल्याइनेछ ।
- ✓ साझा सुविधा केन्द्रमा प्राथामिकता दिएर ।

**(२) लैगिक समानता तथा सामाजिक समावेशीकरण व्यावस्थापन सूचना प्रणली ( GESI, MIS System ) मा प्रगति अध्यावधिक ।**

- ❖ प्रतिवेदन तयारी र पेश गर्ने व्यवस्थालाई प्रभावकारी बनाउन लैङ्गिक समानता तथा सामाजिक समावेशी सूचना व्यवस्थापन प्रणाली (जेन्डर इक्वलिटी एण्ड सोसल इन्क्लुसिभ इन्फरमेशन म्यानेजमेन्ट सिस्टम डाटाबेस) स्थापना गरी संस्थागत गरिनेछ ।
- ❖ आवश्यकता अनुसार कार्यालयलाई प्रतिवेदन तयार गर्ने काममा मेडपा प्राविधिक सहयोग टोलीसहयोग उपलब्ध गराउनेछ ।
- ❖ अनुगमनलाई नतिजामुखी बनाउन र प्रतिवेदन तयारीलाई व्यवस्थित बनाउन सूचना प्रविधिको प्रयोगलाई प्रोत्साहन गरिनेछ त्यसका लागि मन्त्रालय, महाशाखा,कार्यालय स्थानीय तहको उद्योग विकास शाखामा मेडपाको लागि तयार गरी उपयोग गरिएका लैगिंक तथा सामाजिक समावेश व्यवस्थापन सूचना प्रणाली (जेन्डर एण्ड सोसियल इन्क्लुजन म्यानेजमेण्ट इन्फरमेशन सिस्टम) स्थापना गरिनेछ । उक्त म्यानेजमेण्ट इन्फरमेशन सिस्टम संचालन र व्यवस्थापनको लागि आवश्यक जनशक्तिको व्यवस्था गरिने छ ।
- ❖ उद्यमीहरुको सर्म्पुण विवरण डाटावेसमा ईन्ट्रि गरिनेछ  भने त्यसको रेर्कड अनलाईन स्टिममा राखिनेछ जसले गर्दा उद्यमीहरुको रेर्कड,अवस्थाको बारेमा सजिलै तरिकाले हेर्न सकिनेछ ।

**(३) संस्थाले गरेको कार्यसम्पदनमा सम्झौता बमोजिमको लक्ष्य तथा गुणस्तरीय प्रतिफल प्राप्त भएको सुनिश्चितता**

संस्थाले संचालन गरेको वेरोजगार युवा,युवतिहरुका लागि सिप सिकाएर रोजगार सृजना गर्ने हैसियतले गरिबी निवारणका लागि लद्यु उद्यम बिकास कार्यक्रमद्धारा बिभिन्न सिप बिकास तालिमहरु संचालन गरेर तपशिल बमोजिमका लक्ष्य तथा गुणस्तरीय प्रतिफलहरु प्राप्त गरिएको छ ।

| सि न. | संचालन भएका कृयाकलापहरु | लक्ष्य | | | प्रतिफल | | |
|---|---|---|---|---|---|---|---|
| | | लामो | मध्यम | छोटो | लामो | मध्यम | छोटो |
| १ | श्रोत संभाव्यता अध्ययन | ७५ | ७६ | १०० | ७० | ७० | ९४ |
| २ | उद्यमी परिवारको तथ्यांक संकलन | ७० | ७० | ९४ | ७० | ७० | ९४ |
| ३ | उद्यमी समुह गठन | ५ | ५ | १२ | ५ | ५ | १० |
| ४ | उद्यम विकास समितिको गठन र बैठक संचालन सहजिकरण | ४ | ०० | ० | ४ | ०० | ० |
| ५ | TOPE तालिम | ७० | ७० | ९४ | ७० | ७० | ९४ |
| ६ | TOSE तालिम | ७० | ७० | ९४ | ७० | ७० | ९४ |
| ७ | GESI तालिम | ७० | ७० | ९४ | ७० | ७० | ९४ |
| ८ | लामो अवधिको तालिम | | | | | | |
| १ | आरन तालिम | १६ | ० | ० | १६ | | |
| २. | वेसिक कम्प्युटर | २५ | | | २५ | | |
| ३ | होजियारी तालिम | २९ | | | २९ | | |
| | जम्मा | ७० | | | ७० | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ९ | **मध्यम अवधिको तालिम** | | | | | | |
| १ | होजियारी तालिम | | ११ | | | ११ | |
| २ | आरन तालिम | ० | ३६ | | | ३६ | |
| ३ | कुकतालिम | | १६ | | | १६ | |
| ४ | निगालोको फर्निचर बनाउने तालिम | | ७ | | | ७ | |
| | **जम्मा** | | **७०** | | | **७०** | |
| **१०** | **छोटो अवधिको तालिम** | | | | | | |
| १ | आलुचिप बनाउने तालिम | | | ३६ | | | ३६ |
| २ | अर्गानिक च्याउको बनाउने तालिम | | | २२ | | | २२ |
| ३ | स्याउ प्रशोधन तालिम | | | २० | | | २० |
| ४ | सिस्नु प्रशोधन तालिम | | | १६ | | | १६ |
| | जम्मा | | | ९४ | | | ९४ |
| **११** | **स्तरउन्नति** | | | | | | |
| १ | हाउस वारिङ्ग तालिम तथा प्रविधि हस्तान्तरण | १० | | | १० | | |
| २ | होजियारी | २२ | | | २२ | | |
| ३ | साबुन उद्यागको स्तर उन्नति | १६ | | | १६ | | |
| ४ | सिलाईकटाई | १३ | | | १३ | | |
| ५ | मौरी पालन तालिम | ६ | | | ६ | | |
| **१२** | **साझा सुबिधा केन्द्र** | **१** | | | **१** | | |
| १३ | वित्तिय संस्थासँग समन्वय | **२** | | | **२** | | |
| | | | | | | | |

# बजारको खोजीमा सिस्नुको धूलो

* हुम्ला समाचारदाता

सिमकोट, साउन ४ गते । सिमकोटका उद्यमी महिलाले जङ्गलमै उम्रने सिस्नुको धूलो बनाएर आम्दानी गर्न थालेका छन् । सहजै उपलब्ध हुने सिस्नुलाई प्रोडक्सनमा गरी मेसिनद्वारा धूलो बनाउने तालिमप्राप्त गरेपछि उद्यमी महिलाले यसको व्यावसायिक उत्पादन थालेका हुन् ।

स्थानीयले यदाकदा तरकारीका रूपमा पकाएर खाने सिस्नुको धूलो तयार पारेर बजारमा ल्याउने तयारी गरेको तालिममा सहभागी हुनु भएकी सिमकोट-४ की ज्ञानु रोकायाले बताउनुभयो । उहाँले भन्नुभयो, न्यूनतम लेर जाने सिस्नुको धूलो उत्पादन गर्ने तरिका तालिममा सिकेपछि धूलो तयार गरेर बजार लैजाने तयारी गरिएको छ ।

उहाँले आधा र एक केजीको प्याकेट तयार गरेको बताउनुभयो । यसको मूल्य प्रतिकेजी डेढ सय र आधा केजीको ७५ रुपियाँ तोकिएको छ ।

केही दिनअघि सिमकोट गाउँपालिका १, २ र ५ का १८ जना महिलालाई गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रमले स्थान दिने सिस्नुको धूलो उत्पादन गर्ने तालिम प्रदान गरेको थियो । मानिसको स्वास्थ्यका लागि पनि निकै उपयोगी मानिएको सिस्नुको धूलो काठमाडौंका डिपार्टमेन्ट स्टोरबाट बिक्री वितरण गर्ने प्रयास भइरहेको स्नोल्याण्ड एकीकृत विकास केन्द्रका कार्यकारी निर्देशक गोविन्द शाहीले बताउनुभयो ।



उद्यमी महिलाद्वारा उत्पादन गरिएको सिस्नुको धूलो । तस्बिर : राजन रावल

धूलो उत्पादनका लागि उद्यमी महिलालाई मेसिन पनि प्रदान गरिएको र अरू लगानी आवश्यक परेमा त्यसको व्यवस्था गर्न सकिने शाहीले बताउनुभयो ।

